स्थानीय तहहरूमा बेरुजुको सम्परीक्षण तथा फछ्र्योट सम्बन्धी अध्ययन प्रतिवेदन

अध्ययन प्रतिवेदन

प्रतिवेदक

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली

असार २०८२

विषयसूची

परिच्छेद -१ (एक) पेज नं.

अध्ययनको परिचय

१.१ पृष्ठभूमि १
१.२ समस्याको पहिचान २
१.३. अध्ययनको उद्देश्य ३
१.४ अध्ययन विधि र स्रोत सामग्री ४
१.५ अध्ययनको सीमा ४
१.६ अध्ययनको प्रस्तुतीकरण योजना ४

परिच्छेद -२ (दुई)

अध्ययन प्रस्तुतिकरण र विश्लेषण

२.१ समस्याको विस्तृत विवरण ५
२.२ समस्या समाधानका लागि विद्यमान नीति, नियम र प्रचलनहरू ६
२.३ समस्या समाधानार्थ भएका व्यवस्था तथा प्रयासहरू ८
२.४ अध्ययनका क्रममा सङ्कलित विवरण तथा तथ्याङ्क ९

परिच्छेद -३ (तीन)

सारांश र सुझावहरू

३.१ अध्ययन विश्लेषणको सारांश १८
३.२ समस्या समाधानको लागि सुझावहरू १८

परिच्छेद -४ (चार)

निष्कर्ष २१
सन्दर्भ सामग्री २२

परिच्छेद एक
अध्ययनको परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरी कार्य जिम्मेवारीको बाँडफाँट सहित प्रत्येक तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कानून बनाउने, नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने, वार्षिक बजेट बनाउने र निर्णय गर्ने अधिकार र जिम्मेवारी प्रदान गरिए अनुसार स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायीकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले जनताको सबै भन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको संवैधानिक व्यवस्था गरेको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकार्यता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु स्थानीय तहहरूको उद्देश्य रहेको छ । सङ्घीय नेपालको बागमती प्रदेशमा पर्ने यस सिन्धुली जिल्लामा ७ वटा गाउँपालिका, २ वटा नगरपालिका र ७९ वटा वडाहरू रहेका छन् ।सिन्धुली जिल्लाको कूल भू-भाग मध्ये ५७.७ प्रतिशत भू-भाग चुरे पहाड क्षेत्रमा पर्दछ भने ४२.३ प्रतिशत भू-भाग मध्य पहाडी क्षेत्रमा पर्दछ ।

यस जिल्लाको औसत लम्बाई १०६ किलोमिटर र चौडाई २३.३ किलोमिटर रहेको छ भने क्षेत्रफल २४५९.३१ वर्ग किलोमिटर रहेको छ । यस जिल्लाको वि.सं. २०७८ को जनगणना अनुसार कुल जनसंख्या ३,००,०२६ (तीन लाख छबीस) रहेकोमा महिलाहरु १,५२,९६१ र पुरुषहरु १,४७,०६५ रहेका छन् ।

वि.सं. १८२८ मा पृथ्वीनारायण शाहकै पालामा कुमारी चोक अड्डाको स्थापना भई लेखापरीक्षण गर्ने कार्यको शुरुवात सँगै वि.सं. २०१५ सालमा महालेखापरीक्षकको कार्यालय स्थापना भएको छ । कुनै पनि सार्वजनिक निकायले कुनै पनि आर्थिक वर्षमा गरेको आर्थिक कारोबारको विषयमा उक्त निकायको उद्देश्य अनुसार प्रचलित ऐन नियम बमोजिम कारोबार नगरेको, राख्नु पर्ने लेखा नराखेको वा त्रुटि र अनियमित तरिकाले आर्थिक कारोबार गरेको भनी आन्तरिक तथा अन्तिम लेखा परीक्षणबाट औल्याइएको कैफियतलाई बेरुजु भनिन्छ । महालेखापरीक्षकको कार्यालयबाट गरिने अन्तिम लेखा परीक्षण प्रतिवेदनमा

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
सिन्धुलीमाढी
बागमती प्रदेश, नेपाल
२०७३

औल्याइए अनुसार सिन्धुली जिल्लामा रहेका ९ पालिकाहरूको बेरुजु अन्तर्गत सैद्धान्तिक र लगती बेरुजु जसमा असुल गर्नुपर्ने, अनियमित, प्रमाण पेश गर्नुपर्ने र पेश्की बेरुजुको रुपमा कायम गरेको छ । जस अनुसार आन्तरिक आय एवं राजस्वको प्रक्षेपण यथार्थपरक नरहेको, राजस्व असुली लक्ष्य अनुसार नभएको, बजेट अनुशासनको पालना नभएको, प्रशासनिक खर्चमा मितव्ययिता कायम नभएको, सशर्त अनुदान बचत भएको फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी कार्यक्रममा खर्च गरेको, आयोजनाको प्राथमिकीकरण नगरी योजना सञ्चालन गरेको, तोकिएको नर्म्स अनुसारको लागत अनुमान तयार नगरेको, कार्य सम्पन्न प्रतिवेदन पेश नभएको, आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, समयमा पेश्की फछ्यौंट नगरेको आदिलाई बेरुजुको रुपमा लिएको छ । प्रत्येक वर्ष बेरुजु बढ्दै जानु र औल्याइएको बेरुजु समयमा सम्परीक्षण हुन नसक्दा स्थानीय तहहरूको सदाचार, नैतिकता र क्षमतामाथि नै प्रश्नचिह्न खडा त गरेको छ नै जनता, कर्मचारी र सरकारबीचको विश्वास पनि गुम्न पुगेको छ । यसै समस्यामा केन्द्रित रही यो अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

१.२ समस्याको पहिचान

सिन्धुली जिल्ला स्थित पालिकाहरूको बेरुजु वार्षिक रुपमा बढ्दै जानुको साथै बेरूजु फछ्यौंटको अवस्था कमजोर रहेको ।

१.२.१ समस्याका प्रमुख कारणहरु

- सार्वजनिक खरिद सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य ऐन कानुनको कार्यान्वयनको अवस्था कमजोर रहेको,
- दक्ष र अनुभवी प्राविधिक जनशक्ति तथा कार्यक्रम सञ्चालन गर्ने दक्ष जनशक्तिको अभाव रहेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिमका कार्यपालिका र सभाद्वारा गठित विषयगत समितिहरुको प्रभावकारिता कमजोर रहेको,
- समयमा बेरुजु फछ्यौंट गर्ने कार्यलाई प्राथमिकता नदिएको,
- म्यादभित्र पेश्की फछ्यौंट नहुनु,

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
सिन्धुलीमाढी
बागमती प्रदेश, नेपाल
२०७३

- कर्मचारीहरुमा प्रशासनिक ज्ञानको कमीका कारण जनप्रतिनिधिहरुलाई उचित सल्लाह दिन नसक्नु,
- आय ठेक्का व्यवस्थित नहुनु,
- तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न नहुनु,
- लेखापरीक्षणबाट प्राप्त प्रतिवेदन छलफल नगर्नु, लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका सुझावको पालना नगर्नु,
- कर्मचारी र जनप्रतिनिधिबीच आवश्यक उपयुक्त समन्वयको अभाव हुनु।

१.२.२ समस्याका प्रभावहरु

- आर्थिक अनुशासन कमजोर तथा वित्तीय सुशासन कायम हुन नसकेको,
- बेरुजुको कारण अख्तियारमा उजुरी पर्न गएकाले कर्मचारीमा काम गर्ने डर त्रास बढेको,
- नागरिकको जनप्रतिनिधि तथा स्थानीय सरकारले सम्पादन गर्ने समग्र कामकारबाही माथि अविश्वास बढ्दै गएको,
- गाउँपालिकाका योजनाहरु असफल हुँदै गएका,
- स्थानीय तह स्वःमूल्याङ्कनमा प्राप्ताङ्क कम हुन गएको,
- वित्तीय जोखिम बढ्दै गएको,
- पालिकाहरूले गरेको कार्यमा जनसमर्थन कम हुँदै गएको,
- समग्र वित्तीय कार्यको वैधताको प्रश्न उठ्ने गरेको ।

१.३ अध्ययनको उद्देश्य

- वार्षिक रुपमा बेरुजु बढ्दै जानु र बेरुजु फछ्र्यौट हुन नसक्नुका प्रमुख कारणहरु पहिचान गर्नु ।
- विगतका बेरुजु न्यूनीकरण गर्ने व्यावहारिक सुझावहरु प्रदान गर्नु ।

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

१.४ अध्ययन विधि र स्रोत सामग्री

सिन्धुली जिल्लाका स्थानीय तहहरूको बेरूजु सम्परिक्षण तथा फर्छ्यौट सम्बन्धी अध्ययनको प्रतिवेदन तयार पार्ने सिलसिलामा वर्णनात्मक, विश्लेषणात्मकर तुलनात्मक विधिको प्रयोग गरिएको छ ।

यस अध्ययन प्रतिवेदन तयार गर्दा महालेखापरीक्षकको कार्यालयबाट जारी भएका अन्तिम लेखापरीक्षण प्रतिवेदन र स्थानीय तहहरूबाट प्राप्त विवरणलाई आधार लिइएको छ । स्थानीय तहहरूसँग सम्बन्धित केही कर्मचारी तथा पदाधिकारीसँगको अनौपचारिक अन्तर्वार्ता, पालिकाहरूको वेबसाइटमा रहेको प्रकाशित वार्षिक प्रगति प्रतिवेदनहरु र अध्ययनको विषयसँग सम्बन्धित कानूनी व्यवस्थाहरु समेतको अध्ययन तथा विश्लेषण गरी निष्कर्ष तथा सुझाव प्रस्तुत गरिएको छ ।

१.५ अध्ययनको सीमा

यस अध्ययन प्रतिवेदन तयार पार्दा आवश्यक तथ्याङ्कका लागि मूलतः स्थानीय तहहरूको आ.व. २०७६।७७ देखि २०८०।८१ सम्मको महालेखापरीक्षकको कार्यालयको अन्तिम लेखापरीक्षण प्रतिवेदन तथा पालिकाहरूबाट प्राप्त बेरूजुको विवरणलाई आधार लिईएको छ ।

१.६ अध्ययनको प्रस्तुतीकरण योजना

यस अध्ययनलाई व्यवस्थित रुपमा सम्पन्न गर्न विभिन्न चार परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ।

- परिच्छेद एकमा पृष्ठभूमी, समस्याको पहिचान, अध्ययनको उद्देश्य, अध्ययनको सीमा र अध्ययन प्रस्तुतीकरण योजना ।
- परिच्छेद दुईमा समस्याको विस्तृत विवरण, समस्या सम्बन्धी विद्यमान नीति, नियम र प्रचलनहरु, समस्या समाधानार्थ गरिएका प्रयासहरु र अध्ययनका क्रममा सङ्कलित विवरण तथा तथ्याङ्क प्रस्तुत ।
- परिच्छेद तीनमा अध्ययन विश्लेषणको सारांश र सुझावहरु प्रस्तुत ।
- परिच्छेद चारमा निष्कर्ष र सन्दर्भ सामग्री ।

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

परिच्छेद दुई
अध्ययन प्रस्तुतीकरण र विश्लेषण

२.१ समस्याको विस्तृत विवरण

नेपालको संवैधानिक व्यवस्था अनुसार समावेशी, सन्तुलित तथा दिगो सामाजिक, आर्थिक र भौतिक विकास गरी सामाजिक न्यायसहितको सम्वृद्धि र सुख हासिल गर्न योजनावद्ध विकास गर्नका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरुको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रीत रणनीति, व्यावहारिक कार्यनीति र नतिजामुखी कार्यक्रम सहितको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने मार्गमा पालिकाहरूले प्रयत्न गरिरहेका छन् । सो अनुसारका सेवा प्रवाह र विकास निर्माणका कार्यहरु गर्दा प्रचलित नियम कानून अनुसार विधि प्रक्रिया र मापदण्ड पूरा गर्न नसक्दा पालिकाहरूका कार्यहरुमा बेरुजु आउने गरेको पाइन्छ ।

सिन्धुली जिल्लाका ९ वटा पालिकाहरूमा सम्बन्धित पालिकाहरूबाट प्राप्त बेरूजु विवरण र आर्थिक वर्ष २०७६।७७ देखि २०८०।८१ सम्मको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख भएको बेरुजुको तथ्याङ्क र स्थानीय तहहरूबाट प्राप्त विवरणहरूलाई अध्ययन गर्दा वित्तीय सुशासनको अवस्था निकै कमजोर रहेको देखिन्छ । पालिकाहरूको स्थापनाको शुरुवाती वर्षहरुको मूख्य चुनौती भनेका दरबन्दी अनुसारको कर्मचारीहरुको पदपूर्ती नहुनु, भएका कर्मचारीहरुमा पनि नयाँ व्यवस्था र प्रक्रियाबीच अन्यौल भई कार्यप्रक्रियामा अभ्यस्त नहुनु, दक्ष कर्मचारीको अभाव हुनु, कर्मचारी समायोजन ऐन, २०७५ द्वारा समायोजन भई स्थानीय तहमा समायोजन भई आएका कर्मचारीहरु तत् तत् पद र तहमा कम अनुभव र सेवा अवधिका कनिष्ठ कर्मचारी पालिकामा समायोजन हुन, कर्मचारी खटन पटन र सरुवा छिटो छिटो हुनु, सङ्घीयता अन्तर्गतको एक प्रकार वित्तीय सङ्घीयतामा हस्तान्तरण हुने अनुदानहरुको प्रकृति, अनुदान प्राप्ति, भुक्तानी एवं खर्च नभई बाँकी रहने सशर्त प्रकृतिको अनुदान तत् तत् तहमा फिर्ता गर्नुपर्ने सामान्य सिद्धान्तको पटक पटक उल्लङ्घन, प्रायजसो प्रत्येक आ.व. हरुमा खर्च नभई बाँकी सशर्त अनुदान फिर्ता नगरेको, घटी सशर्त अनुदान फिर्ता गरको, सामाजिक सुरक्षा भत्ता वितरणमा पेश्की कायम भई वितरण पश्चात फिर्ता गर्नुपर्ने पेश्की वापतको बाँकी रकम फिर्ता नगरेको, फिर्ता गर्दा पालिकाको खातामा गरेको,

शिशराज पौडेल
जिल्ला समन्वय अधिकारी

भुक्तानीमा बढी बजेट खर्च गरेको, कर नकाटेको, घटी दरमा कर काटेको, कर दाखिला नगरेको, सक्कल बिल वेगर भुक्तानी गरेको, प्रदेश कानून विपरीत जनप्रतिनिधिलाई पोशाक भत्ता, अनुगमन भत्ता लगायतको अन्य शीर्षकको सुविधा भुक्तानी भएको, सेवा करार तर्फको जनशक्तिलाई महंगी भत्ता दिएको, गाउँपालिकाको आन्तरिक स्रोत/ निशर्त अनुदानबाट खर्च लेख्नुपर्नेमा सशर्तबाट खर्च लेखेको, खर्च गर्दा राख्नुपर्ने गोश्वारा भौचर र सोलाई पुष्टि गर्ने प्रमाण कागजातहरु लेखापरीक्षणको क्रममा पेश गर्न नसकेको, असुल उपर गर्नुपर्ने बेरुजुमा उपभोक्ता समितिबाट गरेको कार्यमा तोकिएको नर्म्स अनुसार लागत अनुमान तयार नगर्दा उपभोक्ता समितिलाई बढी भुक्तानी हुन गएको, उपभोक्ता समिति मार्फतको योजनाको भुक्तानीमा प्राविधिक बिल र बिल बिजक, डोर हाजिरी लगायतको खर्च पुष्ट्याई गर्ने प्रमाणको सन्तुलन नभएको, प्राविधिक बिलमा उल्लिखित भन्दा घटी बढी परिमाणमा निर्माण सामाग्रीको बिल बिजक पेश भई सोही आधारमा भुक्तानी भएको, आनुपातिक कट्टी नगरी भुक्तानी गरेको, कन्टिन्जेन्सी रकम समेत उपभोक्ता समितिलाई नै भुक्तानी भएको, आय ठेक्का व्यवस्थित गर्न नसकेको, जनप्रतिनिधि एवं बाह्य व्यक्ति समेतलाई नगदी रसिद थमाई आम्दानी रसिद जारी गरिएकोमा सोको स्पष्ट रसिद नियन्त्रण नगरिएको, नगदी रसिदको हिनामिना एवं मस्यौट गरिएको, रकम समयमा दाखिला नगरेको, विभाज्य कोषमा जम्मा गरी बाँडफाँट गर्नुपर्ने राजस्व समेत आन्तरिक राजस्व खातामा जम्मा गरेको, विभाज्य कोषमा जम्मा भएको राजस्व बाँडफाँट नगरेको जस्ता रहेका देखिन्छन् ।

२.२ समस्यासम्बन्धी विद्यमान नीति, नियम र प्रचलनहरु

<u>नेपालको संविधान</u>

संविधानको भाग २२ को धारा २४० मा संवैधानिक निकायको रुपमा महालेखापरीक्षकको व्यवस्था गरिएको छ । धारा २४१ मा सरकारी कार्यालयको आर्थिक क्रियाकलाप तथा लेखाको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता तथा औचित्यताको आधारमा गरिने व्यवस्था छ । धारा २३० मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको राजश्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम सभामा पेश गरी पारित गराउनुपर्ने व्यवस्था रहेको छ ।

समन्वय समितिको कार्यालय, सिन्धुलीमाढी
बागमती प्रदेश, नेपाल
२०७३

६

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

सोह्रौं योजना

आर्थिक वर्ष २०७९।८० को स्थिति अनुसार कुल गार्हस्थ उत्पादनको अनुपातमा बेरुजु १०.९ प्रतिशत रहेकोमा योजनाको अन्त्य आ.व. २०८५।८६ सम्ममा ५ प्रतिशतमा सीमित गर्ने लक्ष्य लिएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७

बजेट तथा कार्यक्रम तर्जुमा सञ्चित कोषको सञ्चालन, लेखाङ्कन, बजेट सञ्चालन, खर्च कार्यविधि रकमान्तर तथा नियन्त्रण प्रक्रियाका सम्बन्धमा व्यवस्था गरिएको छ ।

लेखा उत्तरदायी अधिकृतले प्रचलित कानून बमोजिम नियमित गर्नुपर्ने बेरुजु नियमित गर्नुपर्ने प्रावधानको व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकाहरूले कानून बमोजिम आफ्नो आय तथा व्ययको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षकले औंल्याएको बेरुजु सम्बन्धित अधिकारीहरुले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गराउने व्यवस्था छ ।

लेखापरीक्षण ऐन, २०७५

अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयले गर्ने र लेखापरीक्षण गराउनुपर्ने दायित्व सबै सार्वजनिक निकायको हुने व्यवस्था छ ।

एकीकृत आर्थिक सङ्केत वर्गीकरण र व्याख्या, २०७४

आर्थिक सङ्केत वर्गीकरण र व्याख्या, २०७४ मा तीन वटै तहका सरकारका आम्दानी, खर्च र सम्पत्ति तथा दायित्वको लेखाङ्कन तथा प्रतिवेदनको बारेमा व्यवस्था गरेको छ ।

वार्षिक बजेट

प्रत्येक आर्थिक वर्ष आउने बजेटले तर्जुमा तथा कार्यान्वयनमा सुनिश्चितता कायम गर्न पारदर्शिता प्रवर्द्धन गर्न जवाफदेहिता तथा नतिजामुखी बजेट व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम स्वीकृत गरेको हुन्छ।

उल्लिखित कानूनका साथै सङ्घ सरकार तथा बागमती प्रदेश सरकारका मार्गदर्शनहरु, सङ्घीय तथा प्रादेशिक मन्त्रालयबाट प्राप्त कार्यक्रम सञ्चालन मार्गदर्शनहरु, पालिकाहरूको वार्षिक नीति तथा कार्यक्रमहरु, सालबसाली रुपमा आउने पालिकाहरूको विनियोजन ऐन तथा आर्थिक ऐन आदि बेरुजु न्यूनीकरण गर्ने कानूनहरु सम्बन्धित रहेका पाइन्छन् ।

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

संस्थागत व्यवस्था

- आर्थिक तथा वित्तीय अनुशासन कायम गर्नका लागि,
- महालेखापरीक्षकको कार्यालय,
- महालेखा नियन्त्रक कार्यालय,
- कुमारी चोक केन्द्रीय तहसिल कार्यालय,
- कोष तथा लेखा नियन्त्रक कार्यालय,
- लेखा समिति स्थापना भएका छन् ।

२.३ समस्या समाधानार्थ भएका व्यवस्था तथा प्रयासहरु

- महालेखापरीक्षकको कार्यालयको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको ३५ दिनभित्र Nepal Audit Management System (NAMS) बाट प्रमाण पेश गरी प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश गर्ने कानूनी व्यवस्था कार्यान्वयनमा ल्याइएको।
- महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण डोरले नै प्रमाण पुगेका बेरुजु सम्परीक्षणको व्यवस्था गरी सम्परीक्षण लागत र समय घटाउन प्रयास गरेको।
- स्थानीय तहहरूको सभाको लेखा समितिले असुलउपर गर्नुपर्ने बेरुजुको हकमा सम्बन्धितलाई पत्राचार तथा जानकारी गराई असुल गर्न निर्देशन दिई सोको प्रतिवेदन सभामा पेश गर्ने प्रयास गरेको।
- आन्तरिक लेखापरीक्षण गर्न पालिकाहरूमा आन्तरिक लेखापरीक्षकको दरबन्दी रहेको र सो अनुसार आन्तरिक लेखा परीक्षण गर्दै आएको ।
- स्थानीय सञ्चित कोषको व्यवस्थापनका लागि SuTRA आ.व. २०७६।७७ देखि नै पूर्ण रुपमा कार्यन्वयन गरिएको छ । आ.व. २०८०।८१ देखि EFT (Electronic Fund Transfer) पूर्ण रुपमा कार्यान्वयन गरिएको।
- जिन्सी सम्पत्तिको व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (New PAMS V_2) प्रयोगमा ल्याइएको।

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

सिन्धुलीमाढी
बागमती प्रदेश, नेपाल
२०७३

➢ लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्बन्धित व्यक्ति, कर्मचारी, समूह एवं सरोकारवालाहरुलाई पत्राचार एवं जानकारी गराई बेरुजु फछ्यौंट कार्य आएको।

२.४ अध्ययनका क्रममा संकलिन विवरण तथा तथ्याङ्क

सिन्धुली जिल्लाका स्थानीय तहहरूको आर्थिक वर्ष २०७६।७७ देखि २०८०।८१ सम्मको कूल बेरुजुको अवस्थालाई देहायबमोजिम प्रस्तुत गरिएको छः

आ.व. २०७६।७७ देखि २०८०।८१ सम्मको बेरुजुको अवस्थाः

तालिका नं. २.१
कमलामाई नगरपालिका

आर्थिक वर्ष	लेखापरीक्षण रकम (रु. हजार)	जम्मा बेरुजु (रु. हजार)	बेरुजु प्रतिशत
२०७६।७७	२५४३७७९	२६२४२	१.०३
२०७७।७८	२२७२८९७	३७१८५	१.६४
२०७८।७९	२८४९२१९	४९४०४	२.०८
२०७९।८०	३१८९७९९	३८१४६	१.२०
२०८०।८१	३१९९४०५	२४१३९	०.७५

स्रोतःमहालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु

कमलामाई नगरपालिकाको माथि उल्लिखित बेरुजु विवरणको तालिका अनुसार २०७६।७७ को तुलनामा २०७७।७८ र २०७८।७९ मा बेरुजुको प्रतिशत बढ्नुको साथै बेरुजु रकम पनि बढेको देखिन्छ भने आ.व. २०७९।८० देखि क्रमश बेरुजुको प्रतिशत घट्नुको साथै बेरुजुको रकम पनि घट्दै गएको देखिन्छ ।

तालिका नं. २.२
दुधौली नगरपालिका

आर्थिक वर्ष	लेखापरीक्षण रकम (रु. हजार)	जम्मा बेरुजु (रु. हजार)	बेरुजु प्रतिशत
२०७६।७७	२०७०१०९	१७३९२	०.८४
२०७७।७८	२३३९०८६	१९४१०	०.८३

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
सिन्धुलीमाढी
बागमती प्रदेश, नेपाल
२०७२

२०७८।७९	२६६२०३३	३४५८१	१.३
२०७९।८०	२६०९२७९	४९७३	०.१९
२०८०।८१	२५०१४५५	६७२१	०.२७

स्रोतःमहालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु

दुधौली नगरपालिकाको माथि तालिकामा उल्लिखित बेरुजु विवरण अनुसार आ.व. २०७६।७७ को तुलनामा २०७७।७८ मा बेरुजु प्रतिशत घटेतापनि बेरुजु रकम भने बढेको देखिन्छ । त्यस्तै आ.व. २०७८।७९ मा बेरुजु रकम तथा बेरुजु प्रतिशत बढेर पछिल्लो ५ आ.व. मै सवैभन्दा धेरै भएको देखिन्छ । यसरी आ.व. २०७८।७९ मा बढेको बेरुजु रकम आ.व. २०७९।८० मा उल्लेख्य मात्रामा घटी आ.व. २०८०।८१ मा केही बढेको देखिन्छ ।

तालिका नं. २.३

गोलन्जोर गाउँपालिका

आर्थिक वर्ष	लेखापरीक्षण रकम (रु. हजार)	जम्मा बेरुजु (रु. हजार)	बेरुजु प्रतिशत
२०७६।७७	९२८२२३	८७२९	०.९४
२०७७।७८	८६५८७१	७९१४	०.९१
२०७८।७९	१०६७९१७	२५८३२	२.४२
२०७९।८०	११४९३८०	५५५९	०.४८
२०८०।८१	१२५०६००	३२९९४	२.६४

स्रोतःमहालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु

गोलन्जोर गाउँपालिकाको माथि उल्लिखित बेरुजु विवरणको तालिका अनुसार २०७६।७७ को तुलनामा २०७७।७८ मा बेरुजुको प्रतिशत घट्नुको साथै बेरुजु रकम पनि घटेको देखिन्छ भने आ.व. २०७८।७९ मा बेरुजु रकम र बेरुजु प्रतिशत बढेको देखिन्छ । यस्तै आ.व. २०७९।८० मा बेरुजु रकम र बेरुजु प्रतिशत घटेर उल्लेख्य सुधार आएतापनि आ.व. २०८०/८१ मा पछिल्लो ५ बर्षकै बेरुजु मध्ये उच्च भएको देखिन्छ ।

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

तालिका नं. २.४

घ्याङ्लेख गाउँपालिका

आर्थिक वर्ष	लेखापरीक्षण रकम (रु. हजार)	जम्मा बेरुजु (रु. हजार)	बेरुजु प्रतिशत
२०७६।७७	५७७६४२	१९७९६	३.४३
२०७७।७८	५६८११७	१३१७३	२.३२
२०७८।७९	७७०९३४	३९८२७	५.१७
२०७९।८०	८२२८७८	४३३२८	५.२७
२०८०।८१	८२२५७८	९८६८	१.२०

स्रोतः महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु

माथि उल्लिखित घ्याङ्लेख गाउँपालिकाको बेरुजु विवरणको तालिका अनुसार २०७६।७७ को तुलनामा २०७७।७८ मा बेरुजुको प्रतिशत घट्नुको सथै बेरुजु रकम पनि घटेको देखिन्छ भने आ.व. २०७८।७९ मा बेरुजु रकम र बेरुजु प्रतिशत पनि बढेको देखिन्छ । यस्तै आ.व. २०७९।८० मा बेरुजु रकम र बेरुजु प्रतिशत बढेर पछिल्लो ५ बर्षकै उच्च विन्दुमा पुगेको देखिन्छ भने आ.व. २०८०।८१ मा बेरुजु रकम र बेरुजु प्रतिशतमा पनि सुधार आएको देखिन्छ ।

तालिका नं. २.५

तीनपाटन गाउँपालिका

आर्थिक वर्ष	लेखापरीक्षण रकम (रु. हजार)	जम्मा बेरुजु (रु. हजार)	बेरुजु प्रतिशत
२०७६।७७	१३५६१३९	४४९७६	३.३२
२०७७।७८	१६०२४१०	९८४९३	६.१५
२०७८।७९	१८४९२२४	८०१९७	४.३४
२०७९।८०	१८६५५०७	५६७२२	३.०४
२०८०।८१	१८७४०४२	३८६११	२.०६

स्रोतः महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय सिन्धुलीमाढी बागमती प्रदेश, नेपाल २०७३

तीनपाटन गाउँपालिकाको माथि तालिकामा उल्लिखित बेरुजु विवरणको तालिका अनुसार आ.व. २०७७/७८ मा बेरुजु रकम र बेरुजु प्रतिशत पछिल्लो ५ बर्षकै उच्च विन्दुमा पुगेको देखिन्छ भने त्यसपछिका आर्थिक वर्षहरुमा बेरुजु रकम र बेरुजु प्रतिशतमा पनि क्रमश सुधार भएको देखिन्छ।

तालिका नं. २.६

फिक्कल गाउँपालिका

आर्थिक वर्ष	लेखापरीक्षण रकम (रु. हजार)	जम्मा बेरुजु (रु. हजार)	बेरुजु प्रतिशत
२०७६।७७	८८८०४३	१५२८४	१.७२
२०७७।७८	९९६८२५	४९१५८	४.९३
२०७८।७९	११३२४९४	३६७२०	३.२४
२०७९।८०	१२१४९६१	२३१८९	१.९१
२०८०।८१	१०८५०१६	१५६११	१.४४

स्रोतः महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु

फिक्कल गाउँपालिकाको माथि तालिकामा उल्लिखित बेरुजु विवरण अनुसार आ.व. २०७७/७८ मा बेरुजु रकम र बेरुजु प्रतिशत पछिल्लो ५ बर्षकै उच्च विन्दुमा पुगेको देखिन्छ भने त्यसपछिका आर्थिक वर्षहरुमा बेरुजु रकम र बेरुजु प्रतिशतमा पनि क्रमश सुधार भएको देखिन्छ।

तालिका नं. २.७

मरिण गाउँपालिका

आर्थिक वर्ष	लेखापरीक्षण रकम (रु. हजार)	जम्मा बेरुजु (रु. हजार)	बेरुजु प्रतिशत
२०७६।७७	९१५८०९	७००७	०.७७
२०७७।७८	१००२९९४	२६३४६	२.६३
२०७८।७९	११९४३२८	४३८५	०.३७
२०७९।८०	१४०४६६५	२५७५४	१.८३
२०८०।८१	१२७२१८५	२३७२५	१.८६

स्रोतः महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

माथि उल्लिखित मरिण गाउँपालिकाको बेरुजु विवरणको तालिका अनुसार २०७६/७७ को तुलनामा २०७७/७८ मा बेरुजुको प्रतिशतका साथै बेरुजु रकम पनि बढेको देखिन्छ भने आ.व. २०७८/७९ मा बेरुजु रकममा उल्लेख्य सुधार भई पछिल्लो ५ वर्षकै न्युन भएको देखिन्छ। त्यस पछिका आ.व. हरूमा बेरूजुको रकम र प्रतिशत क्रमश बढ्दै गएको देखिन्छ ।

तालिका नं. २.८

सुनकोशी गाउँपालिका

आर्थिक वर्ष	लेखापरीक्षण रकम (रु. हजार)	जम्मा बेरुजु (रु. हजार)	बेरुजु प्रतिशत
२०७६।७७	१०५०८२२	३०४३०	२.९०
२०७७।७८	९०६२१२	४२००६	४.६४
२०७८।७९	११७०५६४	७०८४४	६.०५
२०७९।८०	१३२८७२८	१८७६०	१.४१
२०८०।८१	१२५२६८३	३३२७	०.२७

स्रोतःमहालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु

माथि उल्लिखित सुनकोशी गाउँपालिकाको बेरुजु विवरणको तालिका अनुसार २०७६/७७ को तुलनामा २०७७/७८ मा बेरुजुको प्रतिशतका साथै बेरुजु रकम पनि बढेको देखिन्छ भने आ.व. २०७८/७९ मा बेरुजु रकम र बेरुजु प्रतिशत बढेर पछिल्लो ५ आ.व.कै उच्च विन्दुमा पुगेको देखिन्छ । त्यसैगरी आ.व. २०७९/८० र आ.व. २०८०/०८१ मा बेरुजु रकम र बेरुजु प्रतिशत पनि क्रमश घट्दै गएको देखिन्छ ।

तालिका नं. २.९

हरिहरपुरगढी गाउँपालिका

आर्थिक वर्ष	लेखापरीक्षण रकम (रु. हजार)	जम्मा बेरुजु (रु. हजार)	बेरुजु प्रतिशत
२०७६।७७	९५५११२	९२०१	०.९६
२०७७।७८	९६०९६७	३६७३	०.३८
२०७८।७९	११८२१३७	३८०५१	३.२२
२०७९।८०	१३२७५२८	७२२८	०.५४

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

सिन्धुलीमाढी बागमती प्रदेश, नेपाल २०७२

२०८०।८१	१०९३३०७	१३९२६	१.२७

स्रोतःमहालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु

माथि उल्लिखित हरिहरपुरगढी गाउँपालिकाको बेरुजु विवरणको तालिका अनुसार २०७६।७७ को तुलनामा २०७७।७८ मा बेरुजुको प्रतिशतका साथै बेरुजु रकम पनि घटेकोमा आ.व. २०७८।७९ मा बेरुजु रकम र बेरुजु प्रतिशत बढेर पछिल्लो ५ आ.व. को बेरूजु मध्ये उच्च विन्दुमा पुगेको देखिन्छ । यस्तै आ.व. २०७९।८० मा बेरुजु रकम र बेरुजु प्रतिशत दुवै घटकोमा आ.व. २०८०।०८१ मा बेरुजु रकम र बेरुजु प्रतिशत पुनः बढेको देखिन्छ ।

आ.व. २०७६।७७ देखि २०८०।८१ सम्म को कूल बेरुजु र बेरुजु फर्छ्यौटको अवस्थाः

तालिका नं. २.१०

दुधौली नगरपालिका

आर्थिक वर्ष	जम्मा बेरुजु (रु.हजारमा)	बेरुजु फछ्यौंट रकम (रु.हजारमा)	बेरुजु फछ्यौंट प्रतिशत	अध्यावधिक बेरुजु (रु.हजारमा)
२०७६।७७	१७३९२	१४३३०	८२.३९	३०६२
२०७७।७८	१९४११	२८५७	१४.७२	१६५५४
२०७८।७९	३४५८१	९३६३	२७.०८	२५२१८
२०७९।८०	४९७३	२९८१	५९.९४	१९९२
२०८०।८१	६७२१	०	०.००	६७२१

स्रोतः दुधौली नगरकार्यपालिकाको कार्यालय

माथि उल्लिखित तालिका अनुसार दुधौली नगरपालिकाको आ.व. २०७६।७७ मा जम्मा बेरुजु रकमको ८२.३९ प्रतिशत रकम फर्छ्यौट भएको देखिन्छ जुन सकारात्मक देखिन्छ तर आ.व. २०७७।७८ र २०७८।७९ मा क्रमश १४.७२ प्रतिशत र २७.०८ प्रतिशत मात्र फर्छ्यौट भएकोमा आ.व. २०८०।८१ मा बेरुजु फर्छ्यौट शुन्य देखिन्छ।

तालिका नं. २.११

गोलन्जोर गाउँपालिका

आर्थिक वर्ष	जम्मा बेरुजु (रु.हजारमा)	बेरुजु फछ्यौंट रकम (रु.हजारमा)	बेरुजु फछ्यौंट प्रतिशत	अध्यावधिक बेरुजु (रु.हजारमा)
२०७६।७७	८७२९	१५०७	१७.२६	७२२२

विश्वराज पौडेल
जिल्ला समन्वय अधिकारी

२०७७।७८	७९१४	०	०.००	७९१४
२०७८।७९	२६४१४	२९४	१.११	२६१२०
२०७९।८०	५५५९	२५८६	४६.५३	२९७३
२०८०।८१	३२९६१	५१६	१.५७	३२४४४

स्रोतः गोलन्जोर गाउँकार्यपालिकाको कार्यालय

माथि उल्लिखित तालिका अनुसार गोलन्जोर गाउँपालिकको बेरुजु फर्छ्यौट आ.व. २०७६।७७ मा जम्मा बेरुजुको १७.२६ प्रतिशत र आ.व. २०७९।८० मा जम्मा बेरुजुको ४६.५३ प्रतिशत भएको देखिन्छ भने अन्य आ.व. हरुमा नगन्य मात्रामा मात्र बेरुजु फर्छ्यौट भएको देखिन्छ ।

तालिका नं. २.१२

घ्याङ्लेख गाउँपालिका

आर्थिक वर्ष	जम्मा बेरुजु (रु.हजारमा)	बेरुजु फछ्यौंट रकम (रु.हजारमा)	बेरुजु फछ्यौंट प्रतिशत	अध्यावधिक बेरुजु (रु.हजारमा)
२०७६।७७	१९७९६	१२३६२	६२.४५	७४३४
२०७७।७८	१३१७३	६४४	४.८९	१२५२९
२०७८।७९	३९८२७	५०७२	१२.७४	३४७५५
२०७९।८०	४३३२८	०	०.००	४३३२८
२०८०।८१				

स्रोतः घ्याङ्लेख गाउँकार्यपालिकाको कार्यालय

माथि उल्लिखित तालिका अनुसार घ्याङ्लेख गाउँपालिकाको बेरुजु फर्छ्यौट आ.व. २०७६।७७ मा जम्मा बेरुजुको ६२.४५ प्रतिशत भएको देखिन्छ जुन सकारात्मक देखिन्छ तर त्यसपछिका आ.व. हरुमा बेरुजु फर्छ्यौटको अवस्था न्युन देखिन्छ ।

तालिका नं. २.१३

फिक्कल गाउँपालिका

आर्थिक वर्ष	जम्मा बेरुजु (रु.हजारमा)	बेरुजु फछ्यौंट रकम (रु.हजारमा)	बेरुजु फछ्यौंट प्रतिशत	अध्यावधिक बेरुजु (रु.हजारमा)
२०७६।७७	१५२८४	४८९६	३२.०३	१०३८८
२०७७।७८	४९१५७	३३५४६	६८.२४	१५६११

विश्वराज पौडेल
जिल्ला समन्वय अधिकारी

२०७८।७९	३६७२१	०	०.००	३६७२१
२०७९।८०	२३१९०	०	०.००	२३१९०
२०८०।८१	२३७७२	७९७०	३३.५३	१५८०२

स्रोतः फिक्कल गाउँकार्यपालिकाको कार्यालय

फिक्कल गाउँपालिकाको बेरुजु फछ्यौंट आ.व. २०७७।७८ मा सबैभन्दा उच्च ६८.२४ प्रतिशत रहेको देखिन्छ जुन सकारात्मक देखिन्छ । आ.व. २०७६।७७ मा ३२.०३ प्रतिशत र २०८०।८१ मा ३३.५३ प्रतिशत देखिन्छ तर आ.व.हरु २०७८।०७९ र २०७९।०८० मा भने बेरुजु फछ्यौंट शून्य देखिन्छ ।

तालिका नं. २.१४
मरिण गाउँपालिका

आर्थिक वर्ष	जम्मा बेरुजु (रु.हजारमा)	बेरुजु फछ्यौंट रकम (रु.हजारमा)	बेरुजु फछ्यौंट प्रतिशत	अध्यावधिक बेरुजु (रु.हजारमा)
२०७६।७७	७००७	७२४	१०.३३	६२८३
२०७७।७८	२६३६४	१५३६९	५८.३	१०९९५
२०७८।७९	४३८५	०	०.००	४३८५
२०७९।८०	२५७५४	४०	०.१५५	२५७१४
२०८०।८१	३०१७९	०	०.००	३०१७९

स्रोतः मरिण गाउँकार्यपालिकाको कार्यालय

मरिण गाउँपालिकाको आ.व. २०७७।७८ मा सबैभन्दा उच्च बेरुजु फछ्यौंट ५८.३ प्रतिशत भएको देखिन्छ तर अन्य आ.व. हरुमा भने नगण्य मात्रामा बेरुजु फछ्यौंट भएको देखिन्छ ।

तालिका नं. २.१५
सुनकोशी गाउँपालिका

आर्थिक वर्ष	जम्मा बेरुजु (रु.हजारमा)	बेरुजु फछ्यौंट रकम (रु.हजारमा)	बेरुजु फछ्यौंट प्रतिशत	अध्यावधिक बेरुजु (रु.हजारमा)
२०७६।७७	३०४३०	२३५२९	७७.३२	६९०१
२०७७।७८	४५७९२	३८५५	८.४२	४१९३७
२०७८।७९	७०७४२	५९९३	८.४७	६४७४९

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय सिन्धुलीमाढी बागमती प्रदेश, नेपाल २०७३

२०७९।८०	१८९४२	०	०	१८९४२
२०८०।८१	३३२८	०	०	३३२८

स्रोतः सुनकोशी गाउँकार्यपालिकाको कार्यालय

सुनकोशी गाउँपालिकामा आ.व. २०७६ मा उल्लेख्य मात्रामा बेरुजु फछ्र्यौट भएतापनि त्यसपछिका आ.व.हरुमा भने बेरुजु फछ्र्यौटमा गिरावट आई पछिल्लो आ.व. हरु २०७९।८० र २०८०।८१ मा शून्य बेरुजु फछ्र्यौट देखिन्छ ।

कमलामाई नगरपालिका र हरिहरपुरगढी गाउँपालिका

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीको मिति २०८१।१२।११, च. नं. २१७ को पत्र मार्फत सम्पूर्ण पालिकाहरूबाट विवरण माग गरिएकोमा कमलामाई नगरपालिकाले माग गरिए बमोजिमको विवरण उपलब्ध नगराएको र हरिहरपुरगढी गाउँपालिकाले पटक पटक ताकेता गर्दा पनि कुनै पनि विवरण उपलब्ध नगराएको ।

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

परिच्छेद तीन
सारांश र सुझावहरु

३.१ अध्ययन विश्लेषणको सारांश

वि.सं. १८२८ मा पृथ्वीनारायण शाहकै पालामा कुमारी चोक अड्डाको स्थापना भई लेखापरीक्षण गर्ने कार्यको शुरुवात सँगै वि.सं. २०१५ सालमा महालेखा परीक्षकको कार्यालय स्थापना भएको छ । नेपालमा आर्थिक क्षेत्रलाई अनियमित हुन नदिन पारदर्शी बनाउनको लागि नीति तथा संस्थागत प्रयासहरु धेरै नै भएका छन् । तर पनि नेपालमा अहिले आर्थिक प्रशासनको क्षेत्रमा बेरुजु ठूलो समस्याको रुपमा देखा परेको छ। नेपालको संविधानको अनुसूची- ८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवं अनुसूची- ९ मा भएका साझा अधिकारले परिलक्षित गरेको कार्यसम्पादन गर्न पालिकाहरू गाउँपालिकाबाट कानून निर्माण आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी सेवा प्रवाह भइरहेको छ ।यसरी संवैधानिक अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्दा प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन गर्न नसक्दा पालिकाहरू गाउँपालिकामा प्रत्येक आर्थिक बर्षमा ठुलो अंकमा बेरुजु आउने गरेको देखिन्छ । महालेखा परीक्षकको कार्यालयले प्रकाशित गरेको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुलाई समयमै सम्बोधन गरी बेरुजु न्यूनीकरणका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेको छ । प्रकाशित प्रतिवेदनले बेरुजुको अवस्थासँगै त्यसका विविध कारणहरु समेत उल्लेख गरेको छ। त्यस्ता कारणहरुमा मुख्य गरी प्रचलित ऐन कानून अनुसार सार्वजनिक खर्च नहुनु, खरिद कार्यलाई व्यवस्थित, मितव्ययीर प्रभावकारी बनाउन नसक्नु, आन्तरिक नियन्त्रण प्रणाली तयार गर्न नसक्नु, प्राप्त स्रोत र साधनको मितव्ययी तथा पारदर्शिताको सिद्दान्त अनुरुप खर्च गर्न नसक्नु रहेका छन् ।

३.२ समस्या समाधानका लागि सुझावहरु

तिर्थराज पौडेल
... समन्वय अधिकारी

सिन्धुलीमाढी
बागमती प्रदेश, नेपाल

- स्थानीय तहहरूवाट सम्पादन हुने समग्र क्रियाकलापहरुको स्वच्छता, निष्पक्षता र पारदर्शीता प्रवर्द्धन हुने गरी गाउँसभा र कार्यपालिकाको निगरानी वढाउने ।
- आर्थिक वर्षको अन्त्यमा मात्र ठूलो मात्रामा खर्च गर्ने परिपाटीलाई त्रैमासिक रुपमा खर्च गर्ने गरी वार्षिक कार्यान्वयन कार्ययोजना वनाई व्यवस्थित गर्ने ।
- पालिकाका कर्मचारी र पदाधिकारीहरुलाई विनियोजन कुशलता, कार्यान्वयन दक्षता र आर्थिक अनुशासन कायम गरी वित्तीय जोखिम न्यनीकरण गर्न आवश्यक तालिम र क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गरी संस्थागत सुदृढीकरण गर्ने
- ठेक्का व्यवस्थापन प्रभावकारी बनाउन निर्माण व्यवसायीहरुसँग आवश्यक समन्वय सहकार्य तथा आवश्यक नियमन गर्ने ।
- कर्मचारी र जनप्रतिनिधि वीच समयसमयमा सामूहिक छलफल र अन्तरक्रिया मार्फत मौजुदा विधि पद्धतीहरुको वुझाई र परिपालनामा एकरुपता कायम गर्ने ।
- जनप्रतिनिधिले कर्मचारीलाई कानून विपरीत खर्च गर्न दवाव सिर्जना गर्ने परिपाटीको अन्त्य गर्ने ।
- तोकिएको मापदण्डमा लागत अनुमान तयार गर्ने ।
- आर्थिक कारोबारहरूलाई पूर्ण स्वचालित र प्रविधिमैत्री बनाउन विकास भएका विभिन्न प्रणालीहरु जस्तै SuTRA, IPFMS, RMIS, New PAMS V_2 लगायतका प्रणालीका पूर्ण रुपमा प्रयोगमा ल्याउने ।
- जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउन New PAMS V_2 पूर्ण रुपमा कार्यान्वयन गर्ने ।
- वेरुजु हुन नदिन समय समयमा जनप्रतिनिधि र कर्मचारीहरुलाई तालिम गोष्ठी तथा सेमिनारको सञ्चालन गर्ने ।
- सङ्घ र प्रदेश सरकारवाट हस्तान्तरण भएर खर्च नभएको सशर्त प्रकृतिको अनुदान तोकिएको समयभित्र नै फिर्ता गर्ने ।
- स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्दा दर, दररेट तथा खर्चको मापदण्ड सम्बन्धी व्यवस्था बमोजिम कार्यान्वयन गर्ने परिपाटीको विकास गर्ने ।

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय सिन्धुलीमाढी बागमती प्रदेश, नेपाल २०७३

- प्रचलित कानून बमोजिम भुक्तानीमा कर काट्ने तथा तोकिएको समयअवधी भित्रै दाखिला गरी सम्बन्धित कर कार्यालयलाई जानकारी गर्ने ।
- आन्तरिक नियन्त्रण प्रणाली तयार गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।
- आय ठेक्का व्यवस्थित गरी सोबाट प्राप्त हुने राजस्व समयमा नै असुल गर्ने गराउने ।
- गाउँ/नगरसभाबाट बेरुजु सम्परीक्षणको लागि प्राप्त दफा तथा विवरणको आधारमा आवश्यक कारवाही हुनुपर्ने ।
- महालेखापरीक्षकको कार्यालयबाट प्राप्त सूझावहरुको पालना गर्ने, एकपटक आएको प्रकृतिको बेरुजुमा फेरी त्यही प्रकृतिको बेरुजु दोहोरिन नदिने ।
- बेरुजु फर्छ्यौट तथा सम्परीक्षण कार्यलाई कार्यान्वयन कार्ययोजना बनाई सो को कार्यान्वयनलाई कार्यसम्पादन मूल्याङ्कन र पुरस्कारसँग आवद्ध गर्ने ।

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

परिच्छेद चार
निष्कर्ष

४.१ निष्कर्ष

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा व्यवस्था भएका साझा अधिकारले परिलक्षित गरेको कार्यसम्पादन गर्न स्थानीय तहबाट कानून निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी सेवा प्रवाह भइरहेको छ । जनताको नजिकको सरकारको रुपमा स्थापित भई संविधान बमोजिम कानून निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताको आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, स्थानीय सेवा प्रवाह, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, वन वातावरण व्यवस्थापन, फोहोरमैला व्यवस्थापन लगायतका कार्यहरु सम्पादन गर्दै आएकोमा यसरी यस्ता कार्यहरु गर्दा प्रचलित कानून बमोजिम पुर्याउनु पर्ने रीत पुर्याउन नसक्दा प्रत्येक वर्ष बेरुजु बढ्दै गइरहेको देखिन्छ । आ.व. २०७६।७७ देखि आ.व. २०८०।८१ सम्मको बेरुजु फर्छ्यौटको अवस्था हेर्दा आर्थिक अनुशासनको पाटो निकै कमजोर रहेको देखिन्छ । स्थानीय तहहरूले संवैधानिक र कानूनी जिम्मेवरी पूरा गर्न विनियोजित बजेटको सिमामा रहेर खर्च गर्दा सो खर्चको प्रचलित कानून बमोजिम बेरुजु कायम नहुने गरी सार्वजनिक खर्चको सदुपयोग, मितव्ययिता, प्रभावकारीता र दक्षतापूर्ण ढंगबाट आर्थिक कारोबार गर्ने र लेखापरीक्षणबाट देखिएका कैफियतलाई प्राथमिकता दिई समयमै बेरुजु फर्छ्यौट गर्ने तर्फ केन्द्रित भई वित्तीय सुशासन कायम गर्न अग्रसर रहनुपर्ने आवश्यकता देखिएको छ ।

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली
सिन्धुलीमाढी
बागमती प्रदेश, नेपाल
२०७२

सन्दर्भ सामग्री

नेपालको संविधान,

लेखापरीक्षण ऐन, २०७५,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

सोह्रौं आवधिक योजना,

सिन्धुली जिल्लाका स्थानीय तहहरूको आ.व. २०७६।७७ देखि आ.व. २०८०।८१ सम्मका महालेखापरीक्षक कार्यालयको लेखापरीक्षण प्रतिवेदन,

सिन्धुली जिल्लाका स्थानीय तहहरूबाट प्राप्त विवरण ।

तिर्थराज पौडेल
जिल्ला समन्वय अधिकारी